नि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक १७७ २०७६ साल माघ २९ गते बुधबार (12 Feb. 2020 Wednesday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- छाउपडीमा राख्ने वा त्यस्तो अन्य भेदभाव, छुवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- विवाहमा लेनदेख गर्ने तथा दाईजो नदिएको कारण सताउनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आफ्नो संरक्षकत्वमा रहेका नवजात शिशु, बालबालिका, अशक्त रोगी वा वृद्ध व्यक्तिलाई फाल्ने, परित्याग गर्ने वा बेवास्ता गरी छोड्नेलाई तीनवर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- मन्जुरी बिना भएको विवाह, हाडनातामा भएको विवाह, बाल विवाह, बहु विवाह स्वतः बदर हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : नेकपा र राजपाबीचको ... ३ पृष्ठमा : कुखुराजन्य उद्योगमा १८ ... ३ पृष्ठमा : कोरोना भाइरसको ...

# बालबालिकालाई अपराध बारे प्रहरीको सचेतना



**दैनिक समाचारदाता**
**राजविराज, २८ माघ ।**

जिल्ला प्रहरी कार्यालय सप्तरीले अपराध नियन्त्रण तथा सचेतना कार्यक्रम अन्तरगत चलाएको विद्यालय सम्पर्क कार्यक्रमलाई निरन्तरता दिएको छ ।

प्रहरीले मंगलबार राजविराज ८ स्थित जानकी बोर्डिङ स्कुलमा विद्यालय सम्पर्क कार्यक्रमको आयोजना गरिएको छ ।

विभिन्न खाले अपराध, यसबाट उत्पन्न हुने परिस्थिती, सजायको ब्यवस्था र यसबाट यूवाहरु कसरी जोगिने भन्ने विषयमा प्रहरी निरिक्ष बाबुराम कार्कीले सैद्धान्तिक एवं व्यवहारिक ज्ञान दिएका थिए ।

सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तरगत स्कुल स्कुलमा पुगि विद्यार्थीहरुलाई अपराध बारे सचेतना जगाउन अभियानकै रुपमा प्रशिक्षण चलाइएको र यो कार्य जिल्लाका सबै विद्यालयमा पुर्‍याउने प्रहरी उपरिक्षक कृष्ण प्रसाईले बताए ।

यसअघि पनि प्रहरीले जिल्लाको विभिन्न नीजि तथा सामुदायिक विद्यालयका बालबालिकाहरुलाई यस सम्बन्धी सचेतना दिँदै आएको छ ।

# विद्युत चोरी कार्यमा संलग्न चार पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २८ माघ ।**

जिल्ला प्रहरी कार्यालय सप्तरीले जिल्लाको पश्चिमी भेगका एउटै वडामा बिजुलीको पोलमा हुकिङ लगाउने चार जनालाई मंगलबार पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं. ५ का जय नारायण राम, दिपेन्द्र राम, राजलाल दास र पंक्षि दास रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

विद्युत चोरी भइरहेको गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय पातो तथा विद्युत प्राधिकरण राजविराज र बोदे बर्साइन विद्युत बितरण केन्द्रका कर्मचारीको संयुक्त टोली परिचालन गरिएको र सोही क्रममा चारजना पक्राउ परेको डिएसपी तिलक भारतीले जानकारी दिए ।

विद्युत चोरी नियन्त्रण अभियानलाई प्रहरीको सहयोगमा तिब्रता दिएको शाखाले एक महिना यता पाँच दर्जन भन्दा बढी विद्युत चोरीमा संलग्नलाई कारवाही गरिसकेको नेपाल विद्युत प्राधिकरण शाखा राजविराजले जनाएको छ ।

# वेपत्ता नाबालिकाको शव पोखरीमा फेला

**दैनिक समाचारदाता**
**सिरहा, २८ माघ ।**

सोमबार घरबाट वेपत्ता भएकी एक नाबालिकाको शव फेला परेको छ ।

सिरहाको बरियारपट्टी गाउँपालिकास्थित पोखरीमा

*बाँकी अन्तिम पृष्ठमा*

# लुटपाटमा संलग्न एक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २८ माघ ।**

सप्तरीको बोदेबर्साईन नगरपालिका १० बैरियाहीमा मादक पदार्थ सेवन गरि लुटपाट गरेको अभियोगमा तीन जना मध्ये प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

## दादुरा रुवेला खोप अभियान

**दादुरा रुवेला खोप लगाऔं । आ-आफ्नो बालबालिकाहरुलाई दादुरा रुबेला रोगबाट बचाऔं ।**

यही फाल्गुन १ गतेदेखि नगरपालिका/गाउँपालिकाको सबै वडाहरुमा दादुरा रुवेला खोप अभियान संचालन हुदैछ । यस अभियानमा **९ महिना देखि ५ वर्ष मुनिका** सम्पूर्ण बालबालिकालाई दादुरा रुवेला रोग विरुद्धको खोप लगाइन्छ । आ-आफ्नो बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगेर दादुरा रुवेला खोप लगाउन हुन अनुरोध छ । साथै जन्मदेखि **५ वर्ष मुनिका** बालबालिकाहरुलाई पोलियो थोपा समेत खुवाऔं ।

**दादुरा रुवेला खोप अभियान संचालन हुने चरण र मिति**

**पहिलो चरण**

**(२०७६ फाल्गुन १ गतेदेखि २०७६ फाल्गुन ९ गतेसम्म)**

राजविराज नगरपालिका, कञ्चनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, महादेवा गाउँपालिका, सप्तकोशी नगरपालिका, तिरहुत गाउँपालिका र तिलाठी कोइलाडी गाउँपालिका

**दोश्रो चरण**

**(२०७६ फाल्गुन ११ गतेदेखि २०७६ फाल्गुन १९ गतेसम्म)**

डाक्नेश्वरी नगरपालिका, राजगढ गाउँपालिका, छिन्नमस्ता गाउँपालिका र विष्णुपुर गाउँपालिकामा


**तेश्रो चरण**

**(२०७६ फाल्गुन २१ गतेदेखि २०७६ फाल्गुन २९ गतेसम्म)**

बोदेवर्साइन नगरपालिका, खडक नगरपालिका, शम्भुनाथ नगरपालिका, सुरुङ्गा नगरपालिका, अग्निसाईर कृष्णासवरण गाउँपालिका, बलान विहुल गाउँपालिका र रुपनी गाउँपालिका

**जिल्ला खोप समन्वय समिति**
**स्वास्थ्य कार्यालय, सप्तरी**

## बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि





बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

**थप जानकारीका लागि**

**गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज**

**फोन नं. : 031-522408/09**




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit · WESTERN UNION MONEY TRANSFER · Best Remit · Prabhu Money Transfer · City Express · IME International Money Express · IME pay · himal remit · CG Money · MoneyGram money transfer

## सम्पादकीय

# सूचना पाउने अधिकारबाट अहिले पनि जनता बञ्चित

सूचना दिने, सूचना पाउने मुख्य उद्देश्यका साथ जिल्लाको सम्पूर्ण सरकारी कार्यालयमा सूचना अधिकृतको व्यवस्था गरिएको छ । तर, अहिले पनि सो को अनुभूती गर्न पाउन सकिएको छैन् । सहज रुपमा संचारकर्मीलाई समेत सूचना उपलब्ध हुन सकिरहेको छैन् । सम्बन्धीत कार्यालय सम्बन्धमा सानोतिनो सूचना लिन खोज्दा सूचना नपाइएको अवस्था रहेको छ । संचार क्षेत्रले फड्को मारिरहेको अवस्थामा सूचना दिन अनाकानी गर्ने यस्तो प्रबृतीले सबै जना सूचना पाउने अधिकारबाट बञ्चित हुन पुगेका छन् ।

हरेक किसिमको सूचना उपलब्ध गराउन मुलुकमा ऐन पनि निर्माण भइसककेको अवस्थामा ती कार्यालयहरुले सूचना दिन नचाहनु कानुनको उल्लंघन गर्नु हो । ती कार्यालयहरुको प्रगति तथा कामकाजको अवस्था बारे सम्पूर्ण नागरिकले बुझ्नु पर्ने अधिकार हो । तर, आफ्नै कार्यालयको गतिविधीबारे सूचना दिन सूचना अधिकार मान्दैनन् । कुनै पनि जानकारी वा सूचना लुकाउनु न्यायोचित्त होइन् । कुनै पनी जानकारी वा सूचना छल्न खोज्नु सूचनाको हक सम्बन्धी ऐनको अपमान गर्नु पनि हो ।

यदी सूचना आदान प्रदान लेनदेन नै भएन भने त्यो जनताले सूचना पाउने अधिकारबाट बञ्चित हुने हो । हरेक सरकारी कार्यालयमा सूचना डेस्क राख्नुपर्ने चौतर्फी आवाज उठेपनि अहिले सम्म जनताले सूचना पाउने अधिकारबाट बञ्चित हुने पर्ने अधिकारलाई सुनिश्चितता गर्नुपर्ने आवश्यकता रहेको छ ।

# नेकपा र राजपाबीचको सहकार्यले ल्याएको तरंग



**वृषेशचन्द्र लाल**

पछिल्लो समय राजपाले नेकपासँग सामिप्यता बढाउँदै गएको सत्य हो । सभामुख निर्वाचनमा पनि राजपाले समर्थन गऱ्यो । तर यसको अर्थ राजपाले उपसभामुख पाउन लाग्यो भन्ने होइन । यसबारेमा अड्कलबाजी बढी गरिदैंछ । राजपाले नेकपासँग राष्ट्रियसभामा बराबरीको हैसियतमा चुनावी तालमेल मात्र गरेको थियो ।

अर्को कुरा, प्रतिनिधिसभाको सभामुखको चुनावमा नेकपाबाहेक अन्य कुनै दलले उम्मेदवार नै खडा गरेको थिएन र नेकपाको उम्मेदवारलाई सबैले समर्थन गरेको जस्तो भयो । सहमतिको हिसाबले संसद अगाडि बढ्नुपर्छ भन्ने सन्देश हामीले दिन खोजेका हौं । त्यसले गर्दा नेकपासँग राजपाको कुनै नयाँ समीकरण बनेको छ भन्ने कुरा छैन । राजपा आफ्नो मागमा अडिग छ । मधेश एजेन्डाको सम्बोधनको निम्ति गठित भएको पार्टी हो राजपा । त्यसमा राजपा अलिकति पनि विचलन भएको छैन ।

राष्ट्रियसभाको निर्वाचनमा दुई-दुईटा सिटमा एकअर्कालाई सघाउने र साथै राजनीतिक विषयहरूमा छलफल भई त्यसमा सहमति कायम हुनसक्यो भने आगामी दिनहरूमा पनि सहकार्य हुने भनेर सहमति भएको थियो । राजनीतिक विषयहरूमा जबसम्म छलफल हुँदैन, जबसम्म नेकपाले राजपाका मागहरू सम्बोधन गर्न अग्रसर हुँदैन तबसम्म सहकार्यको प्रश्नै आउँदैन । त्यसकारणले कुनै नयाँ समीकरण बनिसकेको छैन । राजपाभित्रका केही नेताहरू सरकारमा जानेलाई आफ्नो प्रमुख एजेन्डा ठान्नका छन्, यसलाई अर्कै तरिकाले अर्थ्याइरहेका होलान् ।

चुनावी सहकार्य र सभामुखमा समर्थन गर्नुलाई सरकारमा जाने बाटो खुलेको ठान्नुहुन्न । सरकारमा जाने हाम्रो एजेन्डा नै होइन, कुनै व्यक्तिको एजेन्डा हुनसक्छ तर पार्टीको होइन । मधेश आन्दोलनलाई भजाउनेहरूको यो एजेन्डा हुनसक्छ, तर राजपाको एजेन्डा सरकारमा जाने होइन । राजपाका नेता कार्यकर्ता, नेतृत्वले मधेश आन्दोलनलाई सरकारमा जाने हतियारको रूपमा प्रयोग गर्न सक्दैन । राजपा भनेको नै मधेश आन्दोलनले उठाएको मुद्दाहरूको सम्बोधनका निम्ति गठित भएको पार्टी हो ।

अहिलेसम्म राजपाले उठाउँदै आएका विषयहरूमा छलफल नै भएको छैन । राजनीतिक विषयहरूमा पछि छलफल गर्ने भन्ने कुरा छ । हामी छलफल गर्नका लागि जहिले पनि तयार छौं । हाम्रा राजनीतिक विषय, एजेन्डाहरू सम्बोधन हुनुपर्छ । अहिले परिस्थिति बदलिएकै छैन, त्यसकारणले अहिले छलफल हुन नसकेको हो । राजनीतिक दलले आफ्नो सिट जोगाउन सबैले सबैसँग मत माग्छन्, त्यो सहकार्य निर्वाचनसम्मका लागि मात्र हुन्छ । नेकपालाई पनि सहयोग चाहिएको थियो र हामीलाई पनि सहयोग चाहिएको थियो । त्यो सहयोगको अर्को विकल्प देखा परिरहेको थिएन ।

राजपाले आफ्नो सिट जोगाउन जोसँग र जस्तोसुकै सम्झौता गर्छ भन्ने तर्क गलत हो । सिट जोगाउने मात्रै कुरा होइन । राष्ट्रियसभा भनेको एउटा सदन हो, त्यसको निर्वाचन संविधानसम्मत तरिकाले हुन्छ । त्यो कुनै राजनीतिक फाइदा भन्दा पनि त्यो सदनमा आफ्नो प्रतिनिधि पठाउन सक्ने कुरा हो । सदनमा लाभ लिनका लागि गइदैन । सदनमा आफ्नो पार्टीको धारणा, जनताको धारणा, जहाँ प्रतिनिधित्व गरिन्छ त्यसको धारणा राख्नका निम्ति जाने हो । अर्को कुरा हामीले यो पनि सिद्ध गऱ्यौं कि हामीलाई अराष्ट्रिय, विखण्डनकारी, विरोधी भनेर जसरी नेकपाले पहिला चित्रित गरिरहेको थियो त्यसलाई हटाउन नेकपाले हामीसँग सहमति भयो र एकअर्कालाई सहयोग गरियो । हामीलाई अराष्ट्रिय र विखण्डनकारी भन्ने पार्टीले हामीसँग सहयोग माग्यो, त्यो पनि एउटा राजनीतिक उपलब्धि हो । त्यो सहमति निर्वाचनसम्मका लागि मात्रै थियो । राजपाको एजेन्डा सरकारमा जाने होइन, यदि कोही सरकारमा जाने कुरा गर्छन् भने त्यो मधेशप्रति धोका हो, राजनीतिक बेइमानी हो । अर्को, सरकारमा जानेबारे राजपाभित्र अहिलेसम्म छलफल नै भएको छैन । यो कुरा नेताहरूको बैठक कोठामा मात्रै सीमित छ । सरकारमा जाने कुरा यदि कसैले ल्याए भने त्यसको विरोधमा राजपाका आन्दोलनकारी नेता कार्यकर्ताहरू उत्रन्छन् ।

राजपाले सरकारमा जाने निर्णय गर्दै गर्दैन । कुनै व्यक्तिले त्यस्तो निर्णय गर्छ भने, त्यो राजपाको मान्छे पनि हुँदैन र मधेश आन्दोलनको प्रतिनिधित्व पनि गर्दैन । उपसभामुखका लागि राजपाभित्र छलफल चलेको छैन । उपसभामुख संवैधानिक पद हो, सरकारी पद होइन । सरकार र संसद फरक-फरक कुरा हो । उपसभामुखको विषयमा पार्टीभित्र अहिलेसम्म कुनै प्रस्ताव आएको छैन । यस्तो प्रस्ताव आयो भने छलफल गरिन्छ । उपसभामुख राजपाको होस् भन्ने चाहना हो । तर, त्यसको निम्ति मरिहत्ते गर्दैन । राजपाभित्र उपसभामुखको कुनै औपचारिक प्रस्ताव आइसकेको छैन ।

राजपाबाट उपसभामुख होस् भन्ने प्रस्ताव आयो भने त्यतिखेर हामी विचार गर्छौं । अहिले कुनै व्यक्ति सम्भावित छैन, हामीसँग उपसभामुखका लागि धेरै सक्षम र उपयुक्त उम्मेदवारहरू हुनुहुन्छ । प्रस्ताव आयो भने त्यसका लागि संसदीय दलभित्र छलफल हुनुपर्छ ।

समाजवादीसँगको सम्बन्धमा कुनै उतार-चढाव आएको छैन । समाजवादीले पनि दूरी बढाउने प्रयास गऱ्यो र राजपाका पनि केही व्यक्तिले दूरी बढाउने काम गरे । नचाहिने-नचाहिने कुराहरू अगाडि ल्याएर राजपा र समाजवादीबीचमा दरार ल्याउन कोशिस गरे । कसैले पार्टीभित्र छलफलै नगरिकन एकीकरण हुने लाग्यो भने, हामी धेरै टाढा छौं पनि भने । ती अपरिपक्क टिप्पणीहरू हुन्, त्यो नेतृत्वलाई सुहाउने टिप्पणी होइन । राजपा र समाजवादीले जनता अगाडि वाचा गरेको छ कि सँगै अगाडि बढ्छौं । त्यो प्रतिवद्धताअनुसार दुवै पार्टी अगाडि बढ्नुपर्छ र सहकार्य हुनुपर्छ ।

जतिखेर समाजवादी सरकारमा जाँदै थियो, हामीले सचेत गराएका थियौं । पहिले संविधानमा संशोधन होस्, त्यसमा हामी पनि बाहिरबाट समर्थन दिन्छौं । त्यतिखेर समाजवादीलाई विश्वास थियो कि सरकारमा गएर अझ ठोसरूपमा आफ्नो माग सम्बोधन गराउन सकिन्छ । समाजवादी सरकारमा रहँदा पनि हामीबीच दूरी बढेको थिएन ।

समाजवादी अहिले सरकारबाट बाहिर आएको छ, हामीबीच कुनै दूरी बढेको छैन । हामीले जनतासामु जुन प्रतिबद्धता

*बाँकी तीन पृष्ठमा*

# 'दहेज लिनु र दिनु पाप हो'

विराटनगर, २८ माघ (रासस) ।

दहेजलाई हराम (अवैध) मानेका मुसलमान समुदायमा पछिल्लो समयमा यसले विकराल रुप लिँदै आएको छ । कुनै सयममा बिना लेनदेन आपसी सल्लाह र समझदारी हुने विवाह अहिले दहेज प्रथाले जरा गाड्दै गएपछि मुसलमान समुदाय चिन्तामा डुबेका छन् । दहेज दिन बाध्य हुने समूह चिन्तामा डुबेका छन् भने लिने समूह खुशीले गदगद हुने गरेका छन् ।

स्वःस्फूर्त खुशीले बेहुली पक्षले दिने दाइजोमा कुनै समस्या नभए पनि करकापमा पारेर लिने दहेज कानूनी रूपमा अपराध मानेको अधिवक्ता केदार भण्डारीले जानकारी दिनुभयो । उहाँले दहेजलाई नेपालमा अवैध मानेको छ भने लिने र दिने दुवैलाई कानूनले कैद सजाय हुने व्यवस्था गरेको छ । अधिवक्ता भण्डारीले २० वर्ष उमेर नपुगी विवाह गर्नु गराउनु पनि कानूनी हिसाबले दण्डनीय भएकाले यसबाट छुटकारा पाउन आम नागरिक जागृत र सचेत हुनुपर्ने कुरामा जोड दिनुभयो ।

विवाहमा कानूनले तोकेको भन्दा बढी जन्ती गएमा बेहुली पक्षलाई व्यवस्थापनमा निकै कठिनाई हुने र खर्च पनि बढ्न जाने भएकाले यसमा बेहुला पक्ष गम्भीर हुनुपर्ने अधिवक्ता भण्डारीको भनाइ छ । दहेज लिनु र दिनु दुवै हराम मानेका मुसलमान समुदायमा पछिल्लो समय बढ्दै गएको दहेज व्यवहारप्रति आश्चर्य मान्दै मुसलमान धर्म गुरु मौलाना गुलाम रसुल फलाही भन्नुहुन्छ- "धार्मिक ग्रन्थ 'कुरान' को उपहास गर्ने मुसलमानलाई अल्लाहले माफ गर्ने छैन ।"

दहेज प्रथा आफैंमा अस्वीकार्य कुरा हो तर पनि भएर दहेज दिन मुसलमान समुदायका केटी पक्षका मानिस बाध्य छन् । दहेजमा अहिले नगद तथा मोटरसाइकल, फर्निचारका र जिन्सी सामान माग्ने क्रम बढ्दै गएको छ । जवान छोरीलाई घरमा राख्नुभन्दा दहेज दिएर विवाह गर्नु नै उत्तम मान्यता राख्ने क्रमले विस्तारै यसले सामाजिक मान्यता पाउन थालेको छ ।

दहेजले उग्र रूप लिएपछि प्रदेश नं २ को वीरगञ्जबाट शुरु भएको दहेजविरुद्धको अभियानले पनि खासै गति लिन सकेको छैन । दहेज बन्द गर्ने भन्दा लिने मानिसको सङ्ख्या दिनप्रतिदिन बढ्दै गएको छ । सुनसरीगढी गाउँपालिकाका अगुवा मुस्लिम समुदायका गफारले छोरीलाई राम्रो शिक्षादीक्षा दिन सक्यो भने मात्र दहेजलाई नियन्त्रण गर्न सकिने बताउनुहुन्छ । मानिसले लुकिलुकी लिने दहेजका समर्थकलाई सामाजिक बहिष्कार गर्न सक्यो भने यो समस्यालाई नियन्त्रणमा लिन सकिने उहाँको भनाइ छ ।

इस्लामी सङ्घ मोरङ र सुनसरीले पनि यस विषयमा गम्भीर चिन्ता र चासो देखाएको छ । दहेज शिक्षित परिवारभन्दा अशिक्षित परिवारमा बढी चल्ने गरेको छ । दिनरात अल्लाहको एवादत (प्रार्थना) गर्ने मानिसहरूले अल्लाहको सन्देश नमान्नु निश्चित रूपमा त्यो मानिस मुसलमान हुन नसक्ने गफारले भन्नुभयो । छोरी हुनेहरू यस प्रथाको विपक्षमा र छोरा हुनेहरू पक्षमा भई समाज विभाजित बनेकाले यो समस्यालाई हटाउन निकै समस्या हुने सुनसरी सोनापुरका अगुवा मेहदी हुसेनले बताउनुभयो ।

छोरीलाई दाइजो होइन पैतृक सम्पत्तिमा अंश दिउँ भन्ने नाराका साथ मोरङका मुस्लिम समदाय दहेजविरुद्ध अभियानमा जुटेका छन् । केही दिन पहिले मोरङको कर्सियामा सामूहिक रूपमा स्थानीय मुसलमान समुदायले अबदेखि छोराछोरीको विवाहमा दहेज नलिने र दहेज पनि नदिने सामूहिक प्रतिबद्धता व्यक्त गरेका थिए ।

धनपालथान गाउँपालिकाजी - ६ का वडाध्यक्ष मोहमद हुसेनले दहेज प्रथाको अन्त्यका लागि अभियान घर-घरसम्म पुऱ्याउनेमा जोड दिनुभयो । दहेज विरुद्धको अभियानलाई सफल बनाउन यसको शुरुआत परिवार र समुदायबाट हुनुपर्ने उहाँको भनाइ छ । केहीवर्ष पहिले मुस्लिम बाहुल्यता रहेको सुनसरीको सोनापुरबाट शुरु भएको दहेजविरुद्धको अभियानकै बीचमा मानिसहरूले आफ्ना छोराको विवाहमा हाकाहाकी दहेज लिन थालेपछि यो अभियानतुहिएको थियो ।

दहेज दिने प्रथा सुनसरी, मोरङ र झापाभन्दा पश्चिमका जिल्लामा तीव्र रूपमा देखिएकाले यहाँका मुस्लिम अभिभावकहरू दहेजकै लागि आफ्ना छोराहरूको विवाह कोशी पश्चिमतर्फ गर्न चाहन्छन् । सुनसरीको चाँदबेला, सोनापुर, दुहबी, भमरी, गैसार, खनार, मजरा जस्ता अन्य गाउँमा दहेज विकराल रूपमा बढ्दै गएको छ भने मानिसहरूले छोरीको विवाहमा लाखौंलाख खर्च गर्न बाध्य छन् । हिजो पापको रूपमा धर्मग्रन्थमा परिभाषित दहेज अहिले कसरी पुण्य हुन गयो बुद्धिजीवी मुस्लिम चिन्तामा परेका छन् ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट
आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कुखुराजन्य उद्योगमा १८ अर्बको नोक्सानी

चितवन, २८ माघ (रासस) ।

नेपालको आत्मनिर्भर कुखुराजन्य उद्योगमा गत एक वर्षमा रु १८ अर्बभन्दा बढीको नोक्सानी भएको छ । अण्डा, चल्ला र मासुमा वर्षभरि नै किसानले नोक्सानी व्यहोरेका हुन् । उत्पादन बढी भएपछि किसानले लागत मूल्य नपाएका हुन् ।

नेपाल पोल्ट्री महासङ्घका उपाध्यक्ष टीकाराम पोखरेलले कुखुराजन्य उत्पादनमा वर्षभरि नै किसानले नोक्सानी व्यहोरेको बताउनुभयो । उहाँका अनुसार गएको एक वर्षमा रु ५५ लागत पर्ने चल्ला सरदर प्रतिगोटा रु २५ मा बिक्री भएको छ । देशभरमा सातामा उत्पादन हुने ३५ लाख ब्रोइलर चल्लाबाट प्रतिगोटा रु ३० घाटा सहनुपरेको छ । गएको एक वर्षमध्ये छ हप्ता लागत मूल्यमा बिक्री भए पनि बाँकी समय घाटामा बिक्री गर्नुपरेको थियो । यसरी हेर्दा एक वर्षमा रु चार अर्ब ७२ करोड ५० लाख हाराहारी घाटा कृषकले व्यहोरेको उहाँले जानकारी दिनुभयो ।

यसैगरी सातामा एक लाख ५० हजार बिक्री हुने लेयर्स चल्लाबाट गत एक वर्षमा रु ३० करोड हाराहारी नोक्सान भएको पोखरेलले जानकारी दिनुभयो । यस्तै मासुमा दैनिक नौ लाख ५० हजार किलो बिक्री गर्दा सरदर प्रतिकिलो रु ३० घाटा व्यहोर्नुपरेको उहाँको भनाइ छ । यसबाट एक वर्षमा रु नौ अर्ब ७२ करोड नोक्सान भएको उहाँले बताउनुभयो ।

नेपाल अण्डा उत्पादक सङ्घका केन्द्रीय उपाध्यक्ष किरणभुषाल ओली नेपालमा दैनिक ५० लाख अण्डामा प्रतिगोटा रु तीन हाराहारी नोक्सान भएको बताउनुहुन्छ । अण्डाबाट एक वर्षमा रु तीन अर्ब चार करोड ५० लाख नोक्सान भएको उहाँले जानकारी दिनुभयो । देशभरमा ठूलो सङ्ख्यामा कृषक विस्थापित भएको ओलीको भनाइ छ ।

यसरी कुखुराजन्य उत्पादनमा एक वर्षमा रु १७ अर्ब ७९ करोड हाराहारी नोक्सान भएको देखिन्छ । पोल्ट्री व्यवसायी डा तिलचन्द्र भट्टराई नोक्सान धान्न नसकेर ३० प्रतिशत व्यवसायी विस्थापित भएको बताउनुहुन्छ । अन्यले बैंकको ऋण सार्ने वा सोही बैंकमा ऋण थपेर टिकेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "सबै धरापमा छन् ।" बर्डफ्लु आउँदासमेत तीनचार महिना नोक्सान व्यहोरे पनि गएको एक वर्ष व्यवसाय पूरै नोक्सानमा गएको उहाँको भनाइ छ ।

उत्पादित कुखुराजन्य पदार्थको एकातर्फ मूल्य नहुने अर्कोतर्फ दानाको कच्चा पदार्थको मूल्य बढ्दा थप समस्या उत्पन्न भएको उहाँको भनाइ छ । एक वर्षअघि प्रतिकिलो रु २९ को मकै अहिले रु ३८ पुगेको छ भने रु ५६ को भटमास रु ७२ सम्म पुगेको डा भट्टराई बताउनुहुन्छ ।

उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्यसमेत रहनुभएका डा भट्टराई ब्रोइलर चल्लाको लागत मूल्य प्रतिगोटा रु ५५, लेयर्स चल्लाको प्रतिगोटा रु ९०, अण्डा प्रतिगोटाको रु १० र मासु प्रतिकिलो रु ३३० पर्ने बताउनुहुन्छ । अहिले बजारमा दानाको मूल्य रु ५३ देखि रु ६४ सम्म पर्ने गर्दछ ।

नेपाल ह्याचरी उद्योग सङ्घका अध्यक्षसमेत रहनुभएका टीकाराम पोखरेल नेपालमा ३०८ ह्याचरी, एक हजारभन्दा बढी ठूला फार्म र ब्रोइलर कुखुरा पाल्ने साना फार्म १० हजारभन्दा बढी रहेको बताउनुहुन्छ । यस क्षेत्रमा रु एक खर्ब १५ अर्ब लगानी भएको उहाँको भनाइ छ । यसमध्ये आधाभन्दा बढी बैंकिङ लगानी रहेको छ ।

लगातारको मूल्य गिरावटपछि पछिल्लो समय लागत मूल्य धान्ने गरी व्यवसायीले मूल्य तोकेर बिक्री वितरण शुरु गरेका छन् । हाल अण्डाको फार्म मूल्य प्रतिक्रेट (३० वटाको) रु ३०५, मासु प्रतिकिलो रु ३८० र ब्रोइलर चल्ला रु ६५ एवं लेयर्स चल्ला रु ६० देखि ७० सम्म बिक्री गर्न शुरु गरिएको छ । यद्यपि ब्रोइलर पालक किसानले जिउँदो कुखुराको मूल्य रु २०० देखि २२० सम्म मात्रै पाउँदै आएका छन् । मासुको मूल्य उच्च भएपछि किसानले जिउँदो कुखुराको उचित मूल्य पाउन सकेका छैनन् । बजारमा अन्य मासुको मूल्य उच्च भए पनि अण्डा र कुखुराको मासुको मूल्य कम भएको व्यवसायीको गुनासो छ ।

# संविधानमा मूल भावना नसमेटिएको : उपेन्द्र यादव

जनकपुरधाम, २८ माघ (रासस) ।

समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले नेपाली जनताको मूल भावनालाई संविधानमा नसमेटिएको बताउनुभएको छ ।

नेपाल बौद्धिक पेशाकर्मी महासङ्घद्वारा सोमबार जनकपुरधाममा आयोजित 'वर्तमान सन्दर्भमा संविधान संशोधनको अपरिहार्यता' विषयक कार्यशालामा उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संवैधानिकरूपमा संस्थागत गर्नका लागि संविधान जारी भएको उल्लेख गर्नुभयो ।

संविधानमा मौलिक हक, समावेशी, समानता, नागरिक स्वतन्त्रतालगायत उपलब्धिमूलक धारा भए पनि उहाँले यसको कार्यान्वयन पक्ष जटिल रहेको धारणा प्रकट गर्नुभयो । संसदीय प्रणालीमा संविधानमा प्रधानमन्त्रीलाई संसद् विघटन गर्ने विशेषाधिकार नरहेको भन्दै अध्यक्ष यादवले सोही कारणले संविधानमा संसदीय गुण र सर्वोच्चता नरहेको विचार प्रकट गर्नुभयो ।

राजपाका वरिष्ठ उपाध्यक्ष वृषेशचन्द्र लालले संविधान संशोधन समानता, राज्य सञ्चालनमा समावेशिता र समान अवसरका लागि हुनुपर्नेमा जोड दिनुभयो । उहाँले राजपा र समाजवादी पार्टीले संविधान संशोधनका लागि ठोस रणनीति बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो । समाजवादी पार्टीका सहअध्यक्ष राजेन्द्र श्रेष्ठले परिवर्तनका लागि शक्ति आवश्यक रहेकाले शक्ति सुदृढीकरणका लागि कार्यकर्तालाई सङ्गठन बलियो बनाउन आह्वान गर्नुभयो ।

समाजवादी पार्टीकी उपाध्यक्ष रेणु यादवले संविधानमा संशोधन हुनुपर्ने उल्लेख गर्दै वैवाहिक अङ्गीकृत नागरिकता, हरेक क्षेत्रमा समानुपातिक समावेशीकरण उल्लेख हुनुपर्ने, सबै जातिको न्याय परिषद् गठन हुनुपर्ने र सङ्घको अधिकार प्रदेश र स्थानीय तहमा आउनुपर्ने सुझाव प्रकट गर्नुभयो ।

समाजवादी पार्टीका प्रदेश नं २ का अध्यक्ष एवं आर्थिक मामिला तथा योजनामन्त्री विजय यादवले संविधानमार्फत सङ्घीयता नामको मात्र उपलब्धि देखिएको उल्लेख गर्नुभयो । नेपाल बौद्धिक पेशाकर्मी महासङ्घका उपाध्यक्ष जीतेन्द्र यादवले मधेशप्रति उपेक्षित भावना कायमै रहेको भन्दै मुलुकलाई समृद्ध बनाउन एकजुट हुनुपर्ने विचार प्रकट गर्नुभयो ।

महासङ्घका उपाध्यक्ष नवराज सुवेदीले वर्तमान सन्दर्भमा संविधान संशोधनको अपरिहार्यता विषयक कार्यपत्र प्रस्तुत गर्दै तत्काल संविधानमा संशोधन गर्नुपर्ने १३ बुँदे सुझाव दिनुभएको थियो ।

उक्त कार्यपत्रमाथि वरिष्ठ अधिवक्ता मिथिलेशकुमार सिंह, प्रदेश नं २ को नीति आयोगका उपाध्यक्ष डा भोगेन्द्र झा र वरिष्ठ पत्रकार रामभरोस कापडीले टिप्पणी गर्नुभएको थियो । नेपाल बौद्धिक पेशाकर्मी महासङ्घका अध्यक्ष कृष्ण शर्माको अध्यक्षतामा भएको उक्त कार्यक्रममा सो महासङ्घका पूर्वअध्यक्ष रत्नेश्वरलाल कायस्थ र इन्चार्ज महेन्द्र प्रधानलगायतले संविधान संशोधनको अपरिहार्यतामाथि प्रकाश पार्नुभएको थियो ।

### *नेकपा र राजपा ...*

गरेका छौं, त्यसमा हामी अडिग भएर उभिनुपर्छ ।

दालभात जस्तो पार्टी एकीकरण होइन । मानसिक, वैचारिक र सैद्धान्तिकरूपमा एकीकरण हुनुपर्छइ । अनौपचारिकरूपमा एकीकरणका कुरा भए, व्यक्ति-व्यक्तिका बीचमा एकीकरणका कुरा भए । व्यक्ति-व्यक्तिको पोजिसनको कुरा गरियो । त्यो सिद्धान्त र विचारसँग जोडिएन । त्यस्तो नेतृत्वको बीचमा कुरा भयो, जसले राजपा पार्टी बनिसकेपछि त्यसलाई पनि एउटा पार्टी बन्न दिएन । उसले गुटबन्दी, बाँडफाँडका कुराहरू विकसित गर्न खोजे । अध्यक्षमण्डलका नेताहरूले राजपा नेपाललाई आफ्नो जागिर बुझ्नुभएको छ । उहाँहरूले पार्टीलाई एक हुन दिनुभएको छैन । महाधिवेशन गराउन पनि उहाँहरूको प्राथमिकतामा परेन । नेतृत्व सक्षम देखा परेनन् । त्यो नेतृत्वले पार्टीमा बारम्बार गुटबन्दी, नेता कार्यकर्ताहरूको योग्यताअनुसार मूल्यांकन गर्न सकेन । *(लाल राष्ट्रिय जनता पार्टी नेपाल वरिष्ठ उपाध्यक्ष हुन् ।) (मधेश दर्पण फिचर सेवा)*


दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित



छिन्नमस्ता डेरी उद्योग

सिरहा रोड, राजविराज ७, खरसाल टोल

मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७



हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ ।




नोट :- विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ । २४ औं घण्टा काउण्टर खुला रहनेछ ।


## विश्व समाचार

# कोरोना भाइरसको नियन्त्रणका लागि चीनलाई ग्रुप ७७ र राष्ट्रसंघको सहयोग

संयुक्त राष्ट्रसङ्घ, २८ माघ (रासस/सिन्ह्वा) ।

चीनमा देखा परिरहेको प्राणघातक सङ्क्रमण कोरोना भाइरस नियन्त्रणका लागि चीनलाई विश्व विभिन्न ७७ देशको समूह ग्रुप-७७ ले सहयोग गर्ने जनाएको छ । संयुक्त राष्ट्रसङ्घका लागि गुएनाका राजदूत रुडल्फ माइकल तेन्पोले सोमबार सो जानकारी दिनुभयो । उहाँले ग्रुप-७७ का सदस्य राष्ट्रले चीनलाई आवश्यक पर्ने सहयोग उपलब्ध गराउने बताउनुभएको हो । त्यसैगरी संयुक्त राष्ट्रसल स्ङघले पनि चीनलाई आवश्यक पर्ने सहयोग उपलब्ध गराउने आवश्वासन दिएको छ । यसअघि संयुक्तराज्य अमेरिकाले पनि चीनलाई आवश्यक सहयोग उपलब्ध गराउने जनाएको थियो । संयुक्त राष्ट्रसङ्घले चीनले हाल कोरोना भाइरसको सङ्क्रमण रोक्नका लागि गरेका प्रयासको सराहना पनि गरेको छ । हालसम्म चीनले गरेका प्रयासको सराहना गर्दै चीनले आगामी दिनमा गर्नुपर्ने कार्यका लागि आवश्यक सहयोग उपलब्ध गराउने उसले जनाएको छ । चीनले यस भाइरसको सङ्क्रमण रोक्न हालसम्म चालीस हजार सामुदायिक कार्यकर्तालाई अग्रपङ्क्तिमा परिचालन गरिएको जनाएको छ । चीनका विभिन्न प्रदेशमा रहेका छ लाख ५० हजार समुदायमा उनीहरु परिचालित भएको नागरिक मामिला अधिकारीहरुले सोमबार जानकारी दिएका थिए । नागरिक मामिला मन्त्रालयका अधिकृत चेन येलिङका अनुसार हरेक समूदायका लागि औसतमा छ जना सामुदायिक कार्यकर्ता परिचालित भएका छन् ।

पत्रकार सम्मेलनमा उहाँले हरेक सामुदायिक कार्यकर्ताले औसतमा ३५० स्थानीय बासिन्दालाई हेर्ने गरेको पनि जानकारी दिनुभयो । आर्थिक तथा सामाजिक क्षेत्रका लागि संयुक्त राष्ट्रसङ्घका उपमहासचिव लिउ जेनमिनले यस सङ्क्रमण नियन्त्रणका लागि चीनले गरेका कार्यका बारेमा संयुक्त राष्ट्रसङ्घका विभिन्न एजेन्सी तथा महत्वपूर्ण मञ्चमा छलफल जारी रहेको जानकारी दिनुभयो । ती सबै मञ्चमा उपस्थित भएका जी-७७ तथा संयुक्त राष्ट्रसङ्घीय एजेन्सीका प्रतिनिधि तथा प्रमुखले चीनको सहयोगका लागि प्रतिवद्धता व्यक्त गरेका पनि उहाँले जानकारी दिनुभयो । उहाँले जी-७७ का सबै राष्ट्रले चीनलाई आवश्यक पर्ने सहयोगका लागि तत्परता नै देखाएको जानकारी उहाँले दिनुभयो । उनीहरुले कोरोना भाइरस रोकथाम तथा नियन्त्रण कार्यमा लाग्नुपर्ने मुख्य कार्यको पहिचान गरेर चीनमै पुगेर र आ-आफ्नो देशबाट आवश्यक प्राविधि तथा आर्थिक सहयोग दिने बताएको उहाँको भनाइ थियो । हाल चीनले यो सङ्क्रमणका विरुद्धमा निकै नै कडा मेहनेत गरेर काम गरिरहेको बताइएको छ । गत वर्षको अन्त्यतिरबाट चीनमा देखिएको यो नयाँ भाइरस द्रुतरूपमा फैलिएपछि चीनको मुख्य भूमिमै एक हजार जनाभन्दा बढी मानिसको मृत्यु भइसकेको छ । सोमबार प्राप्त एक समाचारअनुसार यस भाइरसबाट .एक हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ । भाइरसको सुरुआत भएको प्रमुख स्थानका रूपमा रहेको हुबेई प्रान्तमा आइतबारसम्म मात्र यस भाइरसबाट दुई हजार ६१८ जना सङ्क्रमित भएका अधिकारीले जनाएका छन् । यो सङ्क्रमण उक्त प्रान्त बाहिर एवम् अन्य देशसमेतमा देखापरिरहेका समाचार प्राप्त भइरहेका छन् । यस सङ्क्रमणबाट सोमबार एकै दिनमा १०० व्यक्तिको मृत्यु भएको चिनियाँ अधिकारीले जनाएका छन् ।

# आदिवासीका पक्षमा अस्ट्रेलियाली अदालतको फैसला, अब देश निकाला गर्न नपाइने

क्यानबेरा, २८ माघ (रासस/एपी) ।

अष्ट्रेलियाको सर्वोच्च अदालतले मङ्गलबार विदेशी अपराधीबाट देशलाई मुक्त गर्ने नाममा अस्ट्रलियाली आदिवासी समुदायका व्यक्तिलाई देश निकाला गर्न नपाइने फैसला गरेको छ । अदालतका न्यायाधीशको ४-३ को निर्णयमा आदिवासी अष्ट्रेलियालीसँग अष्ट्रेलियाको नागरिकता नभए पनि उनीहरुलाई देश निकाला गर्न नपाइने उल्लेख छ । अदालतले दुई पुरुष - ब्रेन्डन थाम्स र डेनियल लब - को मुद्दाको सुनुवाई गरेको थियो जो विदेशमा जन्मेका थिए तर उनीहरु आदिवासी जनजाति समुदायका रहेको पहिचान गरिएको थियो । थाम्सलाई ५१० दिन अध्यागमनको थुनामा राखिएको थियो । अदालतले आदेश दिएको केही घण्टापछि थाम्सलाई जेलमुक्त गरिएको थियो । उनका वकील क्लेयर गिब्सले अदालतको आदेशका कारण थाम्सलाई सरकारले देश निकाला गर्न नपाउने बताउनुभयो । "ब्रान्डनले पनि अध्यागमनको थुनामा ५०० दिन बिताएका थिए । उनलाई आफू विदेशतर्फ नै निर्वासित हुनुपर्ला भन्ने चिन्ता थियो । मुक्त हुन पाउँदा अदालतलाई धन्यवाद दिएका छन्," गिब्सले बताउनुभयो । "उनी आफू रिहा भएकामा अति प्रसन्न छन् र अब परिवारसँग पुनःमिलन हुनपाउने छन् ।" कार्यवाहक अध्यागमनमन्त्री एलन टुजले गृह मामिला विभागले यस घटनाबाट प्रभावित हुन सक्ने अन्य मुद्दाको समीक्षा गर्ने बताउनुभयो । "अदालतले मंगलबार एउटा महत्वपूर्ण फैसला सुनाएको छ जुन हाम्रो अध्यागमन कार्यक्रममा प्रभाव पार्नेछ ।"

उहाँले भन्नुभयो, अदालतले "नयाँ वर्गको व्यक्ति" सिर्जना गरेको र त्यस्ता व्यक्ति न अष्ट्रेलियाको नागरिक हो र न गैर-नागरिक नै हो । सरकारले सन् २०१८ मा शंकास्पद चरित्रका रहेको भन्दै निर्वासित गर्न खोजेको थियो । उनीहरुले हिंस्रक अपराधको लागि जेल सजाय पाएका थिए । अष्ट्रेलियामा बाल्यकालदेखि नै बसोबास गरेका तर नागरिकता प्राप्त नगरेका आदिवासी व्यक्तिलाई देश निकाला गर्ने सरकारको नीतिप्रति धेरैले आलोचना गर्दै आएका थिए । अदालतको आदेशमा अस्ट्रेलियाली आदिवासी आमाका सन्तान ३१ वर्षीय थाम्सको जन्म न्यूजीलैंडमा भएको र उनी अस्ट्रेलियाली व्यक्ति नै रहेको उल्लेख छ । थाम्स अष्ट्रेलियामा छ वर्षको उमेरदेखि नै बसोबास गरिरहेका थिए । उनी गुन्गारी सम्प्रदायका व्यक्ति रहेको र यो सम्प्रदाय अस्ट्रेलियाको आदिवासी समुदायभित्र वर्गीकृत छ । चालिस वर्षीय लब भने आदिवासी नरहेको अदालतले ठहर गरेको छ तर उनी कामिलोरोए सम्प्रदायका सदस्य रहेको अदालतको भनाइ छ । उनको जन्म आदिवासी अस्ट्रेलियाली बुबाबाट पपुवा न्यु गिनीमा भएको थियो । उनी पाँच वर्षको उमेरदेखि अस्ट्रेलियामा बस्दै आएका थिए । उनका वकीलले लब साँच्चिकै आदिवासी हुन् वा होइनन् भन्ने परीक्षण गरिने बताएका छन् । यो मुद्दाको सुनुवाई पुनः गरिने बताइएको छ । लब र थाम्स दुवैलाई असम्बन्धित अपराधका लागि अध्यामन हिरासतमा लामो समयदेखि राखिएको थियो ।

# प्रहरी महानिरीक्षकमा ठाकुर ज्ञवाली नियुक्त



**दैनिक समाचारदाता**
**काठमाडौं, २८ माघ ।**

नेपाल प्रहरीको प्रहरी महानिरीक्षकमा ठाकुर ज्ञवाली नियुक्त भएका छन् ।

मन्त्रिपरिषदको मंगलबार बसेको बैठकले ज्ञवालीलाई आईजीपीमा नियुक्त गरेको सरकारका प्रवक्ता सूचना तथा सञ्चारमन्त्री गोकुलप्रसाद बाँस्कोटाले जानकारी दिएका छन् ।

प्रहरी नियमावलीको परिच्छेद ४ को बढुवा सम्बन्धी व्यवस्थाको दफा ४१ अनुसार ज्ञवालीको बढुवा गरिएको घस्उनले बताए । प्रहरी नायब महानिरीक्षक मध्येबाट ज्येष्ठता, कार्यकुशलता, कार्यक्षमता, उत्तरदायित्व बहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता लगायतका आधारमा उहा बढुवा भएका हुन् ।

हाल प्रहरी नायब महानिरीक्षकका रुपमा ज्ञवाली प्रदेश नं. १ प्रहरी प्रमुखका रुपमा कार्यरत् छन् । निवर्तमान आईजीपी सर्वेन्द्र खनालसहित तीन एआईजी र उनका ब्याचका डीआईजीहरुले सेवाहदका कारण मंगलबारबाट अवकाश पाएका छन् ।

# भन्सार छलेको कपडा बरामद

**दैनिक समाचारदाता**
**राजविराज, २८ माघ ।**

राजबिराज नगरपालिका ३ स्थितबाट साइकलमा लोड गरिएको बच्चाले लगाउने कपडा नियन्त्रणमा लिएको छ ।

मंगलबार दिउँसो जिल्ला प्रहरी कार्यालयबाट खटेको प्रहरी टोलीले राजविराज नगरपालिका ३ सडक खण्डमा भारतबाट भन्सार छलेर अवैध रुपमा साइकलमा लुकँएर ल्याउँदै गरेको अवस्था २३ हजार मुल्य बराबरको रेडिमेड कपडा बरामद गरेको हो ।

प्रहरीलाई देखेपछि तस्कर भने कपडा राखिएको बोरा साइकलबाट फ्यालेर फरार भएको डिएसपी तिलक भारतीले जानकारी दिए ।

बरामद कपडा मंगलबारै आवश्यक कारवाहीका लागि भन्सार कार्यालय बुझाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

### *वेपत्ता नाबालिकाको ...*

स्थानिय देवेन्द्र यादवको १५ महिने छोरी आशिकी यादबको मंगलबार शव फेला परेको हो ।

प्लाष्टिकको बोरामा फेला परेको शवलाई अर्को बोरामा इटा राखेर डुबाएको अवस्थामा शव फेला परेको पहरीले जनाएको छ ।

यता सिरहाका एसपी उमाप्रसाद चतुर्वेदीले पनि नाबालिकाको हत्या भएको पुष्टि गरेका छन् । उनले घटना विषयमा अनुसन्धान भइरहेको जानकारी दिए ।

# कोरोना प्रभावित क्षेत्रका नेपालीको उद्धार गर्न माग

काठमाडौँ, २८ माघ (रासस) ।

प्रतिनिधिसभाका सांसदहरूले चीनको कोरोना भाइरस प्रभावित क्षेत्रमा रहेका नेपालीको तत्काल उद्धार गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ । प्रतिनिधिसभाको मंगलबारको बैठकमा समय माग गर्दै उहाँहरूले कोरोना भाइरस प्रभावित क्षेत्रमा रहेका नेपालीलाई स्वदेश ल्याएर राखिने 'क्वारेन्टाइन स्थल' विश्व स्वास्थ्य सङ्गठनको मापदण्डअनुसार तत्काल व्यवस्था गरी उद्धार गर्न सुझाव दिनुभयो ।

सांसद सरिता गिरीले चीनको कोरोना भाइरस प्रभावित क्षेत्रमा नेपाली फसेको उल्लेख गर्दै तत्काल उनीहरूको उद्धार गरी नेपाल ल्याउन सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले यस विषयले संसद्मा आवश्यकताअनुसार प्राथमिकता पाउन नसकेको समेत बताउनुभयो ।

सांसद प्रेम सुवालले कोरोना भाइरस प्रभावित क्षेत्रबाट स्वदेश ल्याइने नेपालीलाई राखिने 'क्वारेन्टाइन स्थल'का रूपमा भक्तपुरको खरिपाटीस्थित नेपाल विद्युत् प्राधिकरणको तालीम केन्द्रलाई तोकिएकामा जनताको विरोध रहेको बताउनुभयो । उहाँले त्यस्तो स्थल घना बस्तीभन्दा टाढा राख्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद आशाकुमारी विकले बझाङको साइपाल गाउँपालिकामा हिमपातका कारण यातायात अवरुद्ध हुँदा भोकमरीको समस्या देखिएको भन्दै तत्काल हेलिकोप्टरबाट खाद्यान्न ढुवानी गरी समस्या समाधान गर्न माग गर्नुभयो । सांसद एकवाल मियाँले भारतबाट नेपालमा सामान आयात गर्दा प्रहरीबाटै अवरोध हुने गरेको गुनासो गर्दै सहज व्यवस्था गर्न माग गर्नुभयो ।

### *लुटपाटमा ...*

पक्राउ पर्नेमा स्थानीय ३३ वर्षीय नागेन्द्र यादव रहेका छन् । नागेन्द्र र सोही ठाउँस्थित खडकपुर बस्ने २५ वर्षीय निर्मल यादव लगायत तीन जनाले मादक पदार्थ सेवन गरी लुटपाट गरेको प्रहरीको भनाई छ ।

ईलाका प्रहरी कार्यालय बोदेबर्साईबाट खटिएको प्रहरीले स्वर्णपट्टीबाट जाजरतर्फ जाँदै गरेको ज ११ प ४७८९ नम्बरको मोटरसाइकल चालक सोही ठाउँका ४० वर्षीय प्रमोद कुमार यादवको नगद २ लाख ३७ हजार रुपैयाँ, मोबाइल १ थान र घडी १ थान लुटपाट गरेको खबर प्राप्त हुनासाथ नागेन्द्रलाई पक्राउ गरेको हो ।

यस्तै लुटपाटमा संलग्न अन्य व्यक्तिहरुको खोजी गर्नुका साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको सप्तरी प्रहरीले जनाएको छ ।

## महुली सामुदायिक विकास केन्द्रको परियोजना कार्यालय राजविराजको लागि कार्यालय सहायकको आवश्यक्ता सम्बन्धी सुचना

***प्रथम पटक प्रकाशित मितिः २०७६ माघ २९ गते***

महुली सामुदायिक विकास केन्द्र, अग्निसाईर कृष्णासवरण -६, बकधुवा, सप्तरीले सञ्चालन गर्न लागेको स्वास्थ्य तथा सरसफाई सुशासन सवलीकरण सम्बन्धी परियोजना कार्यालय राजविराजको लागि एक जना कार्यालय सहयोगीको आवश्यक्ता भएकोले मिति २०७६ मंसिर १९ गतेको पदपूर्ति समितिको निर्णय बमोजिम खुल्ला प्रतियोगिताबाट भर्ना गर्नु पर्ने भएकोले यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र निवेदन पेश गर्न आव्हान गरिन्छ ।

**आवश्यक न्यूनतम योग्यता :** एस.एल.सी वा सो सरह

**आवशयक कागजात :** निवेदन साथ पासपोर्ट साईजको फोटो १ प्रती, व्यक्तिगत वायोडाटा, नेपाली नागरिकताको प्रमाण(पत्र ।

**अनुभव :** कार्यालय सहयोगी भई काम गरेको ।

**निवेदन पेश गर्ने स्थान :** महुली सामुदायिक विकास केन्द्र, अग्निसाईर कृष्णासवरण -५, बकधुवा तथा परियोजना कार्यालय, राजविराज, सप्तरी


**सेवा सुविधा :** संस्थाको नियमानुसार

***नोट :*** *दलित, जनजाति, महिला, स्थानीय र मधेसीलाई विशेष ग्राह्यता दिईनेछ ।*

*सम्पर्क नं. ०३१४११००४*

**पदपूर्ति समिति**
**महुली सामुदायिक विकास केन्द्र**
**अग्निसाईर कृष्णासवरण-५, महुली सप्तरी**

## भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति
बि. सं. २०१२/३/२२

**स्व. अर्सिलाल चौधरी**

स्व. मिति
बि. सं. २०७६/१०/१४

राष्ट्रिय जेष्ठ नागरिक समाज नेपाल सुरुङ्गा नगरपालिका सप्तरीका संयोजक श्री **अर्सिलाल चौधरी**को असमायिक निधन भएकोमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**राष्ट्रिय जेष्ठ नागरिक समाज नेपाल**
**सप्तरी जिल्ला समिति**


नेपाल-भारत सहयोग
INDIAN EMBASSY SUPPORT




एम्बुलेन्स चाहिएमा सम्पर्क गर्नुहोस् ।
राष्ट्रिय सामुदायिक विकास केन्द्र, नेपाल
राजगढ-४, वेल्ही चपेना, सप्तरी
सम्पर्क नं: ९८२९७२९१५५, ९८२७७६०८१७



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
iPay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer — प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*